# रैनादेवी छहरा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
छहरा, पाल्पा
५ नं प्रदेश नेपाल

## शिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सुचना

प्रथम पटक प्रकाशित मिति २०७५।०२।०४

यस गाउँपालिकाको लागी आबश्यक **ह्युम पाईप** खरीद कार्य शिल्बन्दी दरभाउ पत्रको आह्वान गरी गर्नु पर्ने भएकोले सार्वजनीक खरीद ऐन २०६३ को परिच्छेद ५ को दफा ४० र सार्वजनीक खरीद नियमावली को परिच्छेद ७ को नियम ८४ अनुसार यो सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र ईजाजत प्राप्त फर्म, कम्पनी तथा सप्लायर्सहरुबाट निम्न शर्तको अधिनमा रहि सिल्बन्दी दरभाउपत्र खरीद गरी १६ औ दिन १२ बजे भित्र रीतपुर्वक शिल्बन्दी दरभाउपत्र यस कार्यालयमा दर्ता गर्नु हुन यो सुचना प्रकाशित गरीएको छ ।

**तपशिल :**

१ शिल्बन्दी दरभाउपत्र फारम रु १०००। तिरी (पछि फिर्ता नहुनेगरी) रैनादेवी छहरा गाउँपालिकाको कार्यालय बाट गरीद गर्न लिखित निवेदन साथ यस चालु आ.व.का लागि नविकरण गरीएको ईजाजत पत्र, आयकर दर्ता प्रमाणपत्र, करचुक्ता प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपी तथा सम्बन्धित फर्मको लेटरप्याडमा फर्मको छाप सहितको निवेदन पेश गर्नुपर्नेछ ।

२ सिल्बन्दी दरभाउपत्र साथ निम्नुसारको धरौटी रकम जमानत वापतको धरौटी यस गाउपालिकाको सिटीजन ईन्टरनेस्नल बैंक छहरा शाखा पाल्पामा रहेको धरौटी खाता न.०६०००००५७ CA मा जम्मा गरेको सक्कलै भौचर वा सिल्बन्दी खरीदभाउपत्र दाखिला गर्ने मितिमा ७५ दिन म्याद भएको नेपाल सरकार बाट मान्यता प्राप्त बैंक बाट यस कार्यालयका नाममा जारी गरीएको बैंक ग्यारेन्टी पेश गर्नुपर्नेछ ।

३ सिल्बन्दी दरभाउपत्र खरीद गर्ने वा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिन उक्त कार्य सोहि समयमा गरीनेछ ।

४ सिल्बन्दी दरभाउपत्रमा आईटम वाईज दर अंक र अक्षर दुवैमा लेख्नु पर्नेछ ।

५ व्यवसायीमा सम्बन्धी कसुरमा आउने सजाय नभएको ब्यहोरा सार्वजनीक खरीद ऐन २०६३ तथा खरीद नियमावली २०६४ को नियम ४० को उपनियम २(ङ) बमोजिम आफुले सजाय नभइको भनी लिखीत रुपमा गरेको घोषणा अनिवार्य रुपमा दरभाउपत्र दाताले दरभाउपत्र साथ पेश गर्ने पर्नेछ ।

६ दरभाउपत्र स्वीकृत भएपछि सम्झौता अबधिमा मुल्य बृद्धि भए वापतको रकम दावी गर्न पाईने छैन ।

७ कुनै शर्त राखी म्यांद नाघि आएको वा रीत नपुगी आएको सिल्बन्दी दरभाउपत्र उपर कार्वाही गरीने छैन् ।

८  यस सुचना उल्लेख भएका कुरा सोहि सुचना बमोजिम र अन्य कुराको हकमा प्रचलित ऐन कानुनमा तोके बमोजिम हुनेछ ।

९ सिल्बन्दी दरभाउपत्र स्वीकृत गर्ने र नगर्ने अधिकार कार्यालयमा सुरक्षित हुनेछ ।

१० फर्म वा सप्लायर्सहरुले समान ढुवानी रैनादेवी छहरा गाउपालिकाको कार्यालय छहरा पाल्पा सम्म नै गर्नु पर्ने छ । लेखिएका प्रत्येक सामानको लागत अनुमानमा कार्यालय सम्मको ढुवानी र VAT रकम समेत जाडिएको छ ।

११ सामाग्रीको नमुना (क्याटलग) दरभाउपत्रको दरखास्त फारम संगै पेश गर्नु पर्ने छ ।

१२ विस्तृत जानकारी को लागी यस गाउँ कार्यपालिकाको कार्यालयको समपर्क न ०७५६९१०२५,०७५६९२३४३ मा सम्पर्क गरी बुझ्न सकीनेछ ।

| सि.न. | ठेक्का न. | समानको प्रकार | स्पेशिफिकेशन | परिमाण | ईकाइ | लागत अंक | धरौटी रकम २% | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | २/२०७४।२०७५ | ह्युम पाईप | 45 cm dia NP3 class heavy duty 2.5m | 74 | nos | 1989251.21 | 39785.02 | |
| | | | 30 cm .dia NP3 class heavy duty 2.5m | 30 | | | | |

ठानेश्वर पराजुली
प्रमुख प्रशासकीय अधिकृत